# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र


**धनकुटा नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ४) मितिः २०८० साल माघ २५ (संख्या ८**


## भाग १

## धनकुटा नगरपालिका

## धनकुटा नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०८०

<u>प्रस्तावनाः</u>

धनकुटा नगरपालिका भित्र विपद्बाट प्रभावित परिवार तथा व्यक्तिलाई सङ्घीय सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन आवश्यक भएकोले, धनकुटा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ को दफा १८ को उपदफा (२) बमोजिम धनकुटा नगरपालिकाले **धनकुटा नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०८०** बनाएको छ ।

धनकुटा नगरपालिका

## परिच्छेद – १
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ**

क. यो मापदण्डको नाम **धनकुटा नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०८०** रहेको छ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा**

(क) “ऐन” भन्नाले धनकुटा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ग) “जिल्ला विपद् व्यवस्थापन समिति” भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ)“प्रमुख” भन्नाले धनकुटा नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) “उपप्रमुख” भन्नाले धनकुटा नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(छ) “प्रदेश” भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ज) “प्रादेशिक ऐन” भन्नाले कोशी प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(झ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ)“विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ट)“समिति” भन्नाले ऐनको दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

ठ) “सङ्घीय ऐन” भन्नाले संघीय सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

## परिच्छेद - २

## राहत व्यवस्थापन तथा वितरण सम्बन्धी नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

### ३. नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(क) धनकुटा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ३ बमोजिमको समितिले दफा ५ बमोजिमको अधिकार क्षेत्र भित्र रही विपद् प्रभावित क्षेत्रमा राहत व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था मिलाउने,

(ख) प्रचलित कानुनको अधीनमा रही राहत व्यवस्थापन तथा समन्वयका लागि विपद् प्रतिकार्य सम्बन्धी कार्य गर्ने,

(ग) आपत्कालीन अवस्थामा राहत सम्बन्धी सामग्री, सेवा र उपकरणहरू खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न सम्बन्धित निकाय, प्रतिष्ठान, व्यवसाय वा व्यक्तिहरूबिच अग्रिम करार वा अनुबन्ध करार गर्ने व्यवस्था मिलाउने,

(घ) विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं प्राप्त नगद तथा राहत सामाग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ङ) राहत सम्बन्धी प्राप्त सिफारिसको अध्ययन तथा आवश्यक छानबिन गरी राहत प्राप्त गर्ने व्यक्तिको छनौट गर्ने,

(च) राहत सामग्री भण्डारणका लागि आवश्यक गोदाम घर व्यवस्थापन गर्ने, गराउने,

(छ) विपद् प्रभावित क्षेत्रमा प्रभावितहरूलाई खानेपानी, खाद्यान्न, लत्ता कपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्ने, गराउने,

(झ) विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना गर्ने, गराउने,

(ञ) आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत् उद्धार तथा राहत कामको प्रगति विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिए बमोजिम अन्य निकायलाई पठाउने ।

धनकुटा नगरपालिका

## ४. वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(क) धनकुटा नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ को दफा ६ बमोजिमको समितिले दफा ७ बमोजिमको अधिकार क्षेत्र भित्र रही विपद् प्रभावित क्षेत्रमा राहत व्यवस्थापन तथा समन्वय सम्बन्धी मापदण्डको पालना गर्ने गराउने,

(ख) विपद्बाट प्रभावित परिवार तथा व्यक्तिको पहिचान गर्ने र राहतको लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(ग) विपद्बाट प्रभावितहरूको सिफारिस गर्दा जोखिममा रहेका र सङ्कटासन्न समूह (महिला, एकल महिला, गर्भवती महिला, स्तनपान गराउने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिक अवस्था कमजोर भएका व्यक्ति, आदि) लाई प्राथमिकता दिने,

(घ) समुदायमा राहत व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन गरी त्यस्ता समूहलाई परिचालन गर्ने, गराउने,

(ङ) विपद्का घटना हुनासाथ खोज, उद्धार, प्राथमिक उपचार लगायतका राहतका कार्यहरू गर्नको लागि समन्वय गर्ने,

(च) नगर विपद् व्यवस्थापन समितिले राहत सम्बन्धी तोकेका अन्य कार्य गर्ने, गराउने,

धनकुटा नगरपालिका

## परिच्छेद – ३

## राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन र काम, कर्तव्य र अधिकार

### ५. राहत व्यवस्थापन तथा वितरण समन्वय समिति

(क) नगरपालिकामा राहत व्यवस्थापन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन राहत व्यवस्थापन तथा वितरण समन्वय समिति देहाय बमोजिम गठन गरिनेछ ।

| | |
|---|---|
| १. प्रमुख | संयोजक |
| २. उपप्रमुख | सहसंयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. शिक्षा युवा तथा खेलकूद विकास शाखा प्रमुख | सदस्य |
| ५. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| ६. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ७. सूचना अधिकारी | सदस्य |
| ८. विपद् व्यवस्थापन हेर्ने सम्पर्क व्यक्ति | सदस्य-सचिव |

यस समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञ वा वडास्तरीय विपद् व्यवस्थापन समितिका संयोजकलाई पनि समितिका बैठकहरूमा आमन्त्रण गर्न सक्नेछ ।

### ६. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार

(क) समन्वय समितिले राहत व्यवस्थापन गर्ने,

(ख) विपद् पश्चात् विपद् प्रभावितहरूको लगत लिन र राहत प्रदान गर्न कार्यटोलीलाई निर्देशन दिने,

(ग) विपद् पश्चात् नेपाल प्रहरीको मुचुल्का र वडा स्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारिस बमोजिम राहत प्राप्त गर्न योग्य व्यक्तिलाई राहत उपलब्ध गराउने,

(घ) क्षतिको लेखाजोखाबाट प्राप्त प्रतिवेदनको आधारमा राहत उपलब्ध गराउने,

(ङ) राहत वितरण सम्बन्धी प्रगति विवरण स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा एकिकृत अवस्थामा राख्ने,

(च) राहत उपलब्ध गराउने विषयगत क्षेत्रसँग समन्वय बैठक सञ्चालन गरी आवश्यक निर्देशन दिने,

धनकुटा नगरपालिका

(छ) राहत वितरण कार्य स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्ने,

(ज) सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने राहत रकम जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा उपलब्ध गराउने,

(झ) राहत व्यवस्थापन, सामाग्री भण्डारण, आपत्कालीन खरिद, आदि सम्बन्धी निर्णय गर्ने,

(ञ) राहत व्यवस्थापन तथा वितरण कार्यको अनुगमन गर्ने ।

## परिच्छेद -४
## राहत सम्बन्धी मापदण्ड

**७. सङ्घ र प्रदेशबाट प्राप्त हुने राहत रकम सम्बन्धी समन्वय**

(क) राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले सङ्घीय सरकार मार्फत् विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन,) मापदण्ड, २०७७ अनुसार र प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत कोशी प्रदेश विपद् व्यवस्थापन तथा राहत विपद् वितरण निर्देशिका अनुसार विपद् पीडितलाई प्राप्त हुने राहतको लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्नेछ ।

(ख) सङ्घ र प्रदेशबाट प्राप्त हुने राहत रकम वितरणमा हुन सक्ने दोहोरोपनाको बारेमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा निर्णय गरिनेछ ।

**८. नगरपालिकाबाट उपलब्ध गराउने राहत रकम सम्बन्धी व्यवस्था**

(क) राहत रकम उपलब्ध गराउन नगरपालिकाको विपद् व्यवस्थापन कोषमा विनियोजन गरिएको श्रोतलाई धनकुटा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८० अनुरूप प्रयोग गरिनेछ,

(ख) विपद् व्यवस्थापन कोषको रकम पर्याप्त नभएको अवस्थामा अन्य सहयोगी संस्थाबाट प्राप्त आर्थिक सहयोगको परिचालन गरिनेछ,

(ग) विपद्बाट भएको क्षतिको आधारमा राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्णय अनुसार नगर विपद् व्यवस्थापन समितिबाट अनुमोदन हुने गरी देहाय बमोजिमको राहत रकम वितरण गरिनेछ ।

धनकुटा नगरपालिका

(१) घर भत्किएर बस्न योग्य नभएको अवस्था भएका घरधनीलाई तत्कालको व्यवस्थापनका लागि **चालिस हजार**सम्म रकम उपलब्ध गराउने,

(२) बहालमा बसेका व्यक्तिको खाद्यान्न समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न लगायत अत्यावश्यक सामाग्री व्यवस्थापनका लागि प्रति परिवार **दश हजार रूपैयाँ** राहत रकम उपलब्ध गराउने,

(३) विपद्मा परी मृत्यु भएका परिवारलाई किरिया खर्च वापत् प्रति परिवार **पच्चिस हजार रूपैया** उपलब्ध गराउने,

(४) विपद्मा परी घाइते हुनेलाई अस्पतालको उपचार खर्च सम्बन्धी बिलको आधारमा अधिकतम **दश हजार**सम्म उपलब्ध गराउने,

(५) कलकारखाना वा व्यवसाय, जग्गा जमिन वा पसल व्यवसाय, महामारीका कारण कृषि बाली वा पशुपन्छीमा भएको क्षति लेखाजोखाको प्रतिवेदन अनुसार प्रति परिवार अधिकतम **तीस हजार रुपैयाँसम्म** राहत रकम निर्धारण गरी उपलब्ध गराउने,

(६) जाडोको समयमा हुने शीतलहर वा चिसोबाट प्रभावित परिवारलाई काठ, दाउरा तथा ब्ल्याङ्केटको व्यवस्था गर्न सकिने ।

**९. निजी क्षेत्र, दातृ निकाय र यस प्रकारका अन्य सहयोगी निकायले उपलब्ध गराउने राहत रकम तथा सामाग्री सम्बन्धी व्यवस्था**

(क) निजी क्षेत्र, दातृ निकाय वा अन्य सहयोगी निकायले विपद् पश्चात् आफ्नो क्षमता अनुसार आपत्कालीन कार्य सञ्चालन केन्द्रसँगको समन्वयमा एकद्वार नीति अर्न्तगत तुरुन्त राहत उपलब्ध गराउन सक्नेछन् ।

(ख) विपद् पश्चात् बजार तथा आपूर्तिकर्ताहरू सेवा दिन सक्षम भएको अवस्थामा आपत्कालीन कार्य सञ्चालन केन्द्रसँगको समन्वयमा सहयोगी निकायहरूले नगद वा सामाग्री भौचर मार्फत राहत सामाग्रीको व्यवस्था गर्न सक्नेछन् ।

## १०. क्षेत्रगत राहत सामाग्री वितरण सम्बन्धी व्यवस्था

(क) स्फियर मापदण्ड एवं सङ्घीय तथा प्रदेशको विपद् प्रतिकार्य कार्यढाँचा र त्यस अन्तरगत गठन गरिएका विषयगत क्षेत्रहरूले तोकेको राहत सामाग्रीको सूची अनुसार विषयगत क्षेत्र अनुसारको राहत वितरण गर्नुपर्नेछ ।

(ख) विषयगत क्षेत्रले तोकेका राहत सामाग्रीको सूची आपत्कालीन कार्य सञ्चालन केन्द्रमा राखिनेछ र आवश्यकता अनुसार सहयोगी निकायलाई उपलब्ध गराइनेछ ।

# परिच्छेद - ५

## राहत वितरणमा अवलम्बन गर्नुपर्ने सिद्धान्तहरू

## ११. राहत वितरणको लागि अपनाइने सिद्धान्तहरू

(क) नगरपालिकामा राहत वितरण गर्ने क्रममा सबै सरोकारवालाहरूले मानवीय सहयोग सम्बन्धी मानवीयता, तटस्थता, निष्पक्षता र स्वतन्त्रताका सिद्धान्तहरू आत्मसात गर्नु पर्नेछ ।

(ख) राहत कार्यक्रम गर्दा निम्नानुसारका संरक्षण सम्बन्धी सिद्धान्तहरू पालना गर्नु पर्नेछ ।

(१) मानव अधिकारको प्रवर्द्धन गर्ने र उनीहरूलाई थप हानी-नोक्सानीको सामना गर्नबाट जोगाउने ।

(२) आवश्यकता बमोजिम र भेदभावबिना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने ।

(३) शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने ।

(ग) सबै सरोकारवालाहरूले निम्नानुसारका मूलभूत मानवीय मापदण्ड पालना गर्नु पर्नेछ ।

(१) प्रतिकार्य उपयुक्त, समयसापेक्ष र सान्दर्भिक हुनु पर्ने ।

(२) प्रतिकार्यले स्थानीय क्षमतालाई सुदृढ पार्नु पर्ने र नकारात्मक असरहरूलाई हटाएको हुनुपर्ने ।

(३) प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित हुनुपर्ने ।

(४) गुनासोहरूलाई स्वागत र सम्बोधन गरिएको हुनुपर्ने ।

(५) प्रतिकार्य समन्वय र परिपूरक हुनुपर्ने ।

(६) मानवीय सहयोगमा क्रियाशील निकायहरूले निरन्तर रूपमा सिकाई मार्फत सुधारका कार्यहरू गर्नुपर्ने ।

(७) कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गर्नुपर्ने र निजप्रति निष्पक्ष तथा न्यायोचित व्यवहार गरिनुपर्ने ।

(८) श्रोतहरूको व्यवस्थापन तथा प्रयोग अपेक्षित प्रयोजनका लागि जिम्मेवारीपूर्वक गरिनु पर्ने ।

(घ) राहत सामाग्री वितरण गर्ने क्रममा जोखिममा रहेका र सङ्कटासन्न व्यक्तिको लागि विशेष राहत प्याकेजहरू (जस्तैः - आत्मसम्मान सम्बन्धी सामाग्री (डिगनिटी किट), अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामाग्रीहरू, गर्भवती तथा सुत्केरी महिलाको लागि पोषणयुक्त खाना, आदि) समावेश गर्नुपर्ने र महिलाहरू एवं यौनिक अल्पसंख्यकको लागि सुरक्षा, संरक्षण तथा व्यक्तिगत गोपनीयता सम्बन्धी रणनीति समावेश गरी लागू गर्नुपर्ने ।

(ङ) विपद्का कारण व्यवसाय तथा पशुपालन र बालीनालीमा बृहत असर गर्ने र राहतको रकम न्यून हुनसक्ने भएकोले व्यवसाय, पशु र बालीको बीमा कार्यलाई प्रोत्साहन गर्ने ।

**१२. राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको छनौट**

(क) नगरपालिकाले राहत वितरणको लागि पारदर्शी विधि अपनाउनेछ र राहतलाई विपद् पीडितले पाउने अधिकारको रूपमा प्रवर्द्धन गर्नेछ ।

(ख) राहत कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गरिनेछ र सापेक्षिक रूपमा जोखिममा रहेका र सङ्कटासन्न समूहलाई प्राथमिकता दिइनेछ ।

(ग) श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका आधारहरूलाई आत्मसात गरी राहत वितरण गरिने व्यक्ति तथा परिवार छनौट गरिनेछ ।

(१) मानवीय क्षति तथा घाइतेको सङ्ख्या,

(२) पूर्ण रूपमा क्षति भएको घर,

(३) आंशिक रूपमा क्षति भएको घर,

(४) आयश्रोतमा परेको असर,

(५) जोखिममा रहेका र सङ्कटासन्न समूह ।

(घ) विशेष प्रकारको आपत्कालीन अवस्था सिर्जना भएमा राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको पहिचान गर्न देहाय बमोजिमको आधार लिइनेछः

(१) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने अति विपन्न श्रमिक,

(२) पर्यटक भरिया, निर्माण सामग्री भरिया, बाटोमा आवश्यक वस्तुहरू ओसारपसार गर्ने अति विपन्न व्यक्ति,

(३) ट्रक, ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने अति विपन्न श्रमिक,

(४) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(५) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(६) गिटी कुट्ने, बालुवा चाल्ने तथा इँटा भट्टामा काम गर्ने मजदुर,

(७) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका अति विपन्न मजदुर,

(८) नाङ्लो पसलमा व्यापार गर्ने, दैनिक रूपमा पत्रिका वितरण गर्ने, साना फुटपाथमा पसल राख्ने, ठेलागाडा तथा साइकलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने अति विपन्न मजदुर,

(९) देहाय बमोजिमका यातायात मजदुरः

अ. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक तथा सहचालक,

आ. दैनिक ठेक्कामा वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

इ. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर,

(१०) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, सिलाइबुनाई पसल, गलैंचा, बुट्टा तथा जर्ति भर्ने मिस्त्री तथा मजदुर,

(११) नगरपालिका क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति, अति विपन्न किसान ।

धनकुटा नगरपालिका

## परिच्छेद-६
## विविध

### १३. राहत वितरणको अभिलेख, सूचना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन

१. सम्पर्क व्यक्तिले राहत वितरण सम्बन्धी सम्पूर्ण जानकारी वडा कार्यालय र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अभिलेखीकरण गर्ने र जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र जिल्ला, प्रदेश र सङ्घीय निकाय वा आवश्यकता अनुसार सहयोगी निकायलाई उपलब्ध गराउनेछ ।

२. राहत वितरण सम्बन्धी सूचना तथा जानकारी नगरपालिका, जिल्ला, प्रदेश एवं सङ्घीय तहमा र राहत व्यवस्थापनमा सहयोग गर्ने निकायलाई स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र आवश्यकतानुसार उपलब्ध गराइने छ ।

३. राहत वितरण सम्बन्धी कार्यको अनुगमन नगर विपद् व्यवस्थापन समिति, राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, वडा स्तरीय विपद् व्यवस्थापन समितिले गर्नेछ ।

### १४. पुरस्कार सम्बन्धी व्यवस्था

राहत वितरणमा विशेष योगदान पुर्‍याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगरपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

### १५. कारवाही सम्बन्धी व्यवस्था

(क) यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(ख) यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम निजबाट असुल गरिनेछ ।

**१६. संशोधन तथा खारेजी**

(क) नगरपालिकाले विद्यमान सङ्घीय, प्रादेशिक तथा नगरपालिका स्तरीय ऐन तथा मापदण्ड र सिकाइका आधारमा यस मापदण्डलाई संशोधन गर्न सक्नेछ ।

(ख) सङ्घ र प्रदेशका प्रचलित कानूनसँग बाझिएमा बाझिएका दफाहरू स्वतः खारेज हुनेछन् ।

**आज्ञाले,**
**दशरथ राई**
**प्रमुख प्रशासकीय अधिकृत**

धनकुटा नगरपालिका